प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको एक विषयको मौका परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मितिः २०८२।१२।०८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०८२।१०।१३ गते प्रकाशित सूचना अनुसार सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका डिप्लोमा/प्रमाणपत्र तहका ईन्जिनियरिङ्ग तर्फका सम्पुर्ण कार्यक्रमहरु, इन्फरमेशन टेक्नोलोजी, फूड एण्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, होटल म्यानेजमेण्ट, कृषि (वाली र पशु विज्ञान) कार्यक्रमहरुको र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम तर्फ यो सूचना प्रकाशित भएको मिति सम्म प्रथम बर्ष प्रथम खण्ड देखि तेश्रो बर्ष प्रथम खण्ड सम्म उत्तीर्ण भई तेश्रो बर्ष दोश्रो खण्डमा कुनै एक बिषयको मात्र सैद्धान्तिक परीक्षा अनुत्तीर्ण भएका र बार्षिक परीक्षा प्रणाली तर्फका सम्पुर्ण कार्यक्रमहरुको र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम समेतका लागि यो सूचना प्रकाशित भएको मितिसम्म प्रथम र दोश्रो बर्ष उत्तीर्ण भई तेश्रो बर्षको नियमित तर्फको नतिजामा कुनै एक बिषय मात्र अनुत्तीर्ण भएका सम्पुर्ण परीक्षार्थीहरुको लागि परीक्षा सम्वन्धी बिनियमावली, २०७१ बमोजिम सैद्धान्तिक एक विषयको मौका परीक्षा देहायको मिति र परीक्षा केन्द्र कायम गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| **क्र.सं** | **सेमेष्टर परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको परीक्षा मिति र समय** | **बार्षिक परीक्षा प्रणालीका सम्पुर्ण कार्यक्रमहरुको परीक्षा मिति र समय** |
|---|---|---|
| क्र.सं | मिति २०८२।१२।२१ गते शनिवार बिहान ७:०० बजे देखि | मिति २०८२।१२।२१ गते शनिवार दिउंसो १:०० बजे देखि |

**परीक्षा केन्द्रः** बालाजु स्कूल अफ इन्जिनियरिङ एण्ड टेक्नोलोजी (BSET), बालाजु, काठमाण्डौ

**नोट :**

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने/छाड्ने परीक्षार्थीहरुका लागि पुनः अर्को व्यवस्था गरिने छैन ।
२. लग, टेबलसिट वा कोडबुक चेक गराएर मात्र परीक्षा हल भित्र लैजान पाइने छ ।
३. परिषद् कार्यालयको पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन ।
४. आन्तरिक परीक्षामा अनुत्तीर्ण भएको परीक्षार्थी वाह्यमुल्यांकनको अन्तिम परीक्षामा समावेश हुन पाउने छैन र यदि समावेश भएमा निजको परीक्षा स्वतः रद्द हुनेछ ।
५. आवेदन फाराम भर्ने बारेको सूचनामा उल्लेख गरिएको शैक्षिक शत्र बाहेकका रजिष्ट्रेशन भएका परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा समावेश भएमा समेत उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।
६. परीक्षा तालीकामा कुनै बिषय छुटेमा, दोहोरिएमा वा त्रुटी भएमा १ हप्ता भित्र परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।
७. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्ध हुनेछ ।
८. मोवाइल फोन, स्मार्ट वाच, डिजिटल डायरी जस्ता बिद्युतीय उपकरणहरु परीक्षा भवनभित्र साथमा लिइ जान पाइने छैन । अन्यथा केन्द्राध्यक्षले त्यस्ता सामान जफत गर्न सक्नेछ ।
९. कुनै कारणवश परीक्षा आवेदन फाराम भर्न छुटेका परीक्षार्थीहरुको लागि मिति २०८२।१२।०९ देखि मिति २०८२।१२।११ गते दिनको ३:०० बजेसम्म बिलम्ब शुल्कमा आवेदन फाराम भर्ने म्याद थप गरिएको छ ।
   (क) यसरी प्राप्त भएका आवेदन फारामहरु सम्वन्धित शिक्षण संस्थाले मिति २०८२।१२।११ गते राती ११:५९ बजे सम्ममा ITMS Online मा अनिवार्य रुपमा Entry गर्नुपर्नेछ ।
   (ख) शुल्क तिरेको रकम मिति २०८२।१२।१२ गते कार्यालय समय भित्रमा अनिवार्य रुपमा ITMS online मा भौचर Upload गर्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**